## बैठक नं. ३२

आज मिति २०८० साल माघ २८ गते आईतबार यस कीर्तिपुर नगरपालिकाका नगरप्रमुख श्री राज कुमार नकर्मीज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, का.वा.अध्यक्ष वडा नं. १ | श्री हरेराममहर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | ई. श्री रूपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा नं. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, का.वा. अध्यक्ष वडा नं. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत ( पृथ्वी ) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |



CamScanner

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सदस्य सचिव | श्री लक्ष्मी प्रसाद बास्कोटा | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः | | | |
|---|---|---|---|
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौं | श्री जनक थापा | |
| ३ | नगर प्रमुखको सचिवालय | श्री राजकपुर श्रेष्ठ | |
| ४ | अधिकृत छैठौं | श्री अकिल अमात्य | |
| ५ | नगर उप प्रमुखको सचिवालय | श्री केशव महर्जन | |
| ६ | नगर प्रमुखको सचिवालय | श्री रविन नकर्मी | |

<u>प्रस्तावहरु</u>

१) समपुरक र विशेष योजना छनौट सम्बन्धमा ।

२) अनधिकृत सीमा पर्खाल, घर, टहरा हटाउने सम्बन्धमा ।

३) योजना अनुमोदन सम्वन्धमा ।

४) विविध

**निर्णय नं . १**

हालसम्म नगरकार्यपालिकाबाट भए गरेका निर्णय र निर्णयहरुको कार्यान्वयनको स्थितिका विषयमा समीक्षा गरियो ।

**निर्णय नं . २**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०/१०/०५, प.सं. २०८०/२०८१, च.नं. १२२ को पत्र र आ.व. २०८१/२०८२ को लागि समपुरक र विशेष अनुदानको प्रस्ताव आह्वान सम्बन्धी राष्ट्रिय योजना आयोगको सूचना प्राप्त भएको हुँदा यस नगरपालिकामा संघीय समपुरक अनुदान र विषेश अनुदानका लागि तपशिल बमोजिमका आयोजना/कार्यक्रमहरु छनौट गरी पठाउने निर्णय गरियो ।

क) संघीय समपुरक अनुदानका लागि छनौट भएका योजनाहरू

१) कीर्तिपुर नगरपालिका वडा नं २ र चन्द्रागिरी नगरपालिकाको वडा नं १५ सिमानामा पर्ने मुलखुसीमा जल क्रिडा केन्द्र (Water Recreation Centre)

२) कीर्तिपुर नगरपालिका वडा नं १० बसपार्क नजिक विष्णुदेवि अस्पताल भवन निर्माण

३) कीर्तिपुर नगरपालिका वडा नं १ मा अवस्थित नारायण मन्दिर जिर्णोद्वार

ख) संघीय विशेष अनुदानका लागि छनौट भएका योजनाहरू

१) कीर्तिपुर नगरपालिका वडा नं ६ मा पर्ने टौदह पोखरी पूर्व पट्टी बागमती नदी कटान तथा भू-क्षय नियन्त्रण

२) कीर्तिपुर नगरपालिका वडा नं ४ मा खानेपानी रिजभभ्वायर निर्माण

३) कीर्तिपुर नगरपालिका वडा नं ६ को आदिनाथ मन्दिर परिसरको सत्तल पुनःनिर्माण

**निर्णय नं . ३**

यस नगरपालिका क्षेत्रभित्र बिभिन्न स्थानमा सार्बजनिक, खोला किनार लगायतका जग्गा अतिक्रमण गरी बस्ती बसेको देखिएकोले उक्त जग्गाहरु अतिक्रमण हुन नदिन र नगरलाई कुरुप हुनबाट बचाउन सार्बजनिक सम्पति संरक्षण गर्ने सम्बन्धी २०८०/१/१८ मा राष्ट्रिय समाचारपत्रमा प्रकाशित सीमा पर्खाल नियमित गर्ने तथा अनधिकृत सीमा पर्खाल, घर, टहरा हटाउने सम्बन्धी ३५ दिने सार्बजनिक सूचना प्रकाशन गरिसकिएकोमा हालसम्म पनि पूर्णरुपमा हटेको नपाईएकोले तत्काल हटाउन नगर प्रमुखलाई अख्तियारी दिने र भूमि सम्बन्धी ऐन,२०२१ को दफा (५२) ख को उपदफा (४) मा भएको व्यवस्था बमोजिम कीर्तिपुर नगर क्षेत्र भित्र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन नसकिने व्यहोरा राष्ट्रिय भूमि आयोगमा जानकारी गराउने निर्णय गरियो ।



CamScanner

निर्णय नं . ४

बिनियोजन ऐन, २०८० को पूर्वाधार विकास तर्फ सि.नं. १३७ भौतिक पूर्वाधार निर्माण (कार्यपालिकाले तत्काल आवश्यक देखेको स्थानमा कार्य गर्ने) शिर्षकवाट बिभिन्न मितिमा संचालन भएका तपशिल बमोजिमका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिलः

| सि.नं. | योजनाको नाम | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | वालमैत्री स्थानीय शासन वडा घोषणाको लागि पूर्वाधार तयार - वडा नं ७ | ४,४५,०००।- | |
| २ | नयाँबजार देखि लोकतान्त्रिक चोकसम्मको सडक सुधार - वडा नं १० | ९,६४,९५०।०६ | |
| ३ | यंचोः चौतारा-मगबुँ बाटो ग्राभेलिङ - वडा नं ५ | १,८०,२८३।३१ | |
| ४ | उज्जल स्कूलदेखि यंचोसम्मको कालोपत्रे बाटोमा सडक लाईन तथा जेब्रा क्रसिङ मार्किङ गर्ने - वडा नं ५ | ९,६०,६३७।८६ | |
| ५ | कभर्डहल परिसरमा पूर्वाधार निर्माण - वडा नं १० | ९,३७,०००।- | |
| ६ | कीर्तिपुर पूर्वाधार निर्माण (कीर्तिपुर-चन्द्रागिरी साईकल मार्ग) कीर्तिपुर खण्ड (STLR)- वडा नं ४ | ७,८०,०००।- | |
| ७ | नगरकोटी टोल जाने बाटो सुधार - वडा नं ६ | १०,००,०००।- | |

निर्णय नं. ६

मिति २०८०/६/९ गते देखि २०८०/१०/२६ गते सम्मको योजना तथा कार्यक्रम अनुगमन समितिबाट पेश हुन आएको ७३ वटा योजनाहरूको अनुगमन प्रतिवेदन छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदकहरु मध्ये "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्बन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स | फर्म /कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | द्रुप कन्स्ट्रक्सन एण्ड सप्लायर्स .प्रा.लि. | श्री सुरेन्द्र कुमार कर्ण | २ | कीर्तिपुर, मैत्रिनगर | |



CamScanner

निर्णय नं ८

कीर्तिपुर नगरपालिका वडा नं २ र ३ मा पर्ने पश्चिमपट्टीको (सार्वजनिक जग्गा) खुल्ला क्षेत्रमा मनोरञ्जन पार्क निर्माणका लागि काठमाडौं उपत्यका विकास प्राधिकरणमा अनुरोध गर्ने निर्णय गरियो ।



CamScanner